# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७५/०७६ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७६ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७५/०७६ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

### १. वित्तीय विवरण

(कम्पनीको हिसाब किताव इश्वी सम्बत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुंदा आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को १७ जुलाई २०१८ देखि ३० जून २०१९ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ ।)

(क) आर्थिक वर्ष २०७५/०७६ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७५/०७६ अन्तर्गत कम्पनीको ३० जून २०१९ मा समाप्त (१७ जुलाई २०१८ देखि ३० जून २०१९ सम्म) अवधिको तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७५/०७६ को चौथो त्रैमासिक अवधि, ३० जून २०१९ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | चौथो त्रैमासिक अवधि ३० जून २०१९ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि ३१ मार्च २०१९ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत वर्षको त्रैमासिक अवधि ३० जून २०१८ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.१७ | ०.१५ | ०.१३ |
| प्रति शेयर आम्दानी (रु.) | ३.७४ | ३.४७ | ३.२० |
| प्रति शेयर नेटवर्थ (रु.) | २१.८९ | २३.४३ | २३.८१ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३२.९३ | ३७.१५ | ३१.६० |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | २४४.०० | २०६.०० | २४३.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ६५.१९ | ५९.३९ | ७६.०२ |
| चालु अनुपात | १.९६ | १.४९ | १.९७ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७५/०७६ को चौथो त्रैमासिकको समीक्षा अवधिको अन्यत्यमा अर्थात ३० जून २०१९ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा उल्लेख्य अभिबृद्धि परिलक्षित भई समग्रमा लगभग ११.७१ प्रतिशतले बृद्धि भएको छ । चालु आर्थिक वर्ष २०७५/०७६ को होटेलको ३० जून २०१९ सम्मका वित्तिय विवरण अनुसार समीक्षा अवधिका कार्यसम्पादनका सूचांकहरुलाई विश्लेषण गर्दा गत वर्षको सोही अवधिको तुलनामा आम्दानीमा महत्वर्ण वृद्धि भएको छ । साथै, कम्पनीको सो अवधिको मुनाफामा समेत उल्लेख्य र उत्साहजनक अभिबृद्धि रेकर्ड गरेको छ ।

(ख) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक रहेको छ ।

(ग) आगामी आर्थिक वर्ष २०७६/०७७ को पहिलो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनितिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटल संचालन लागतमा मितव्ययिता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध वजारखण्डहरुमा सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यवसायिक गतिविधिहरुलाई संचालन जारी राख्नेछ ।

(घ) कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा सशक्त बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने कार्य निरन्तर रुपमा जारी राखेकोछ । कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने रणनिति सहित कर्पोरेट, सेमिनार, सभा, सम्मेलन र बैंक्वेट तथा व्यवसायको अन्य बजार अंशलाई शसक्तिकरण साथ आकर्षित गर्दै समग्रमा व्यवसाय अभिबृद्धि गर्ने योजना अनुरुप कार्य योजनालाई कार्यान्वयन गरी रहेको छ । कम्पनीले आगामी अवधिमा रणनितिक रुपमा बजार व्यवस्थापन गर्ने, पर्यटन बजारको विविध खण्डहरुमा प्रवेश गरी पर्यटक आकर्षित गर्नेछ ।

(ङ) समीक्षा अवधिमा कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाह सम्बन्धमा गत वर्षको सोहि त्रैमासिक अवधिको तुलनामा उल्लेख्य अभिबृद्धि भएको छ ।
कम्पनीले समिक्षा त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउँदै व्यवसायमा आइपर्ने कुनै पनि प्रतिकुल परिस्थितिबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनिकरण गर्दै कुशल व्यवस्थापकीय रणनितिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनका साथै कम्पनीको मुनाफामा हुने ह्रासलाई तुलनात्मक रुपले कम गर्ने नितिलाई निरन्तरता दिइनै राख्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७५/७६ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७५/७६ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७५/७६ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७५/७६ को आषाढ मसान्त २०७६ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०७५/७६ (२०१८/१९) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| चौथो त्रैमासिक (२०७६ आषाढ मसान्त) | २५९/– | २०६/– | २४४/– | ६४ | १,५६८ | ६२२,३८० |

### ५. समस्या तथा चुनौती

(क) **समस्याहरुः तथा चुनौतीहरुः**

**आन्तरिक**

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**बाह्यः**

(१) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(२) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(३) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार, मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(४) विदेशी विनिमय दरमा (अमेरिकी डलर र यूरो) हुने अप्रत्याशित परिवर्तन ।
(५) उर्जा, विद्युत, इन्धन तथा तत्सम्बन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य बृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(६) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपद तथा प्रकोपहरुको प्रभाव ।

(ख) **रणनिति**

सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरिय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति । होटेलका सेवा सुबिधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरबृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तद्नुरुप कायम राख्ने ।

## ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।

(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।

(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

---

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 JUNE 2019 (FOURTH QUARTER) OF THE FISCAL YEAR 2075/076 (2018/19)

| PARTICULARS | Up to This Quarter ending on 30 June 2019 (Unaudited) | Up to Previous Quarter ending on 31 March 2019 (Unaudited) | Corresponding Previous year Quarter ending on 30 June 2018 (Unaudited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 30 JUNE 2019** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,232,389,775 | 1,261,940,025 | 1,051,039,849 |
| Intangible Assets | 963,941 | 1,184,130 | 1,845,353 |
| Investment Property | 38,571,266 | 38,821,797 | 39,272,516 |
| Deferred Tax Assets | 69,587,627 | 69,587,627 | 45,461,308 |
| Investments | 284,377,323 | 284,377,323 | 269,966,538 |
| Trade and Other Receivables | 68,156,350 | 62,962,172 | 77,726,595 |
| **Total Non-Current Assets** | **1,694,046,282** | **1,730,084,474** | **1,485,312,159** |
| **Current Assets** | | | |
| Inventories | 100,777,050 | 89,670,163 | 89,086,358 |
| Investment | 90,000,000 | 70,000,000 | 70,000,000 |
| Trade and Other Receivables | 284,141,258 | 377,705,619 | 302,809,492 |
| Prepayments | 5,293,400 | 6,138,689 | 6,430,470 |
| Cash and Cash Equivalent | 238,660,575 | 211,934,848 | 151,119,275 |
| **Total Current Assets** | **718,872,283** | **755,449,319** | **619,445,595** |
| **Total Assets** | **2,412,918,565** | **2,474,322,393** | **2,104,757,754** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and reserves and Surplus** | | | |
| Share Capital | 732,675,370 | 666,063,740 | 666,063,740 |
| Retained Earnings and Reserves | 870,879,052 | 894,292,336 | 920,146,790 |
| **Total Equity** | **1,603,554,422** | **1,560,356,076** | **1,586,210,530** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 4,024,173 | 4,353,770 | 5,000,373 |
| Employee Benefits | 395,682,243 | 344,137,303 | 174,396,355 |
| Trade and other payables | 43,489,163 | 58,656,153 | 24,453,760 |
| **Total Non-Current Liabilities** | **443,195,579** | **359,786,923** | **203,850,488** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 932,007 | 846,000 | 851,000 |
| Employee Benefits | 35,072,331 | 62,431,201 | 41,402,072 |
| Income Tax Payable | 15,055,139 | 29,151,166 | 14,335,596 |
| Trade and other payables | 315,109,087 | 414,390,724 | 258,108,069 |
| **Total Current Liabilities** | **366,168,564** | **506,819,091** | **314,696,737** |
| **Total Liabilities** | **809,364,143** | **913,966,317** | **518,547,225** |
| **Total Equity and Liabilities** | **2,412,918,565** | **2,474,322,393** | **2,104,757,754** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 30 JUNE 2019** | | | |
| Revenue | 1,749,199,527 | 1,318,778,683 | 1,565,838,055 |
| **Total Revenue** | **1,749,199,527** | **1,318,778,683** | **1,565,838,055** |
| Consumption of Food and Beverages | 289,964,687 | 220,103,205 | 271,876,531 |
| Employee Benefit Expenses | 538,794,677 | 390,188,148 | 475,970,671 |
| Operating Expenses | 214,235,262 | 159,192,030 | 204,533,071 |
| Depreciation and amortization expenses | 97,387,381 | 63,112,247 | 106,280,000 |
| Administrative & Other Expenses | 259,952,521 | 192,338,420 | 236,125,116 |
| **Total Expenses** | **1,400,334,528** | **1,024,934,050** | **1,294,785,389** |
| **Profit from Operation** | **348,864,999** | **293,844,633** | **271,052,666** |
| Finance Cost | 639,721 | 467,722 | 689,075 |
| **Profit before Taxes** | **348,225,278** | **293,376,911** | **270,363,591** |
| Provision for Tax | 73,997,872 | 62,342,593 | 57,452,303 |
| **Net Profit after Tax** | **274,227,406** | **231,034,318** | **212,911,288** |

**Note: The above Financial Statement presentation is subject to change at the time of Statutory Audit or changes to be made by the Regulatory Authority, if any.**